नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

प.सं.:-
च.नं.:-

**मुस्ताङ्ग भन्सार कार्यालयमा पैठारीको लागि आएका वस्तु चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट जाँचपास गर्न सडक मार्ग तोकिएको सम्बन्धी सूचना ।**

भन्सार ऐन, २०८२ को दफा ६४ तथा भन्सार नियमावली, २०८३ को नियम ६२ को उपनियम (७) बमोजिम मुस्ताङ्ग भन्सार कार्यालयमा पैठारीको लागि ल्याइएका वस्तुहरू सो कार्यालयबाट भन्सार जाँचपास नगराई काठमाडौं स्थित चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयमा लगि जाँचपास गराउन चाहने पैठारीकर्ताको लागि तपसिल बमोजिमको सडक मार्ग तोकी भन्सार नियमावली, २०८३ मा उल्लेखित सर्त, प्रक्रिया लगायतका व्यवस्था पालना गर्ने गरी अर्को निर्णय नहुँदा सम्मका लागि आन्तरिक परिवहनको सुविधा दिने निर्णय भएको ब्यहोरा सरोकारवाला सबैको जानकारीका लागि अनुरोध छ।

<u>तपसिल</u>

१. **मालबाहक सवारी साधनका लागि**
   (क) कोरला नाका - नेचुङ (भन्सार) – छुसाङ्ग - कागबेनी – जोमसोम – बेनी (म्याग्दी) – कुस्मा (पर्वत)- पोखरा (कास्की) – दमौली (तनहु) मुङलिङ्ग -कुरिन टार – नौबिसे – कलङ्की - चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयसम्म।
   (ख) कोरला नाका - नेचुङ (भन्सार) – छुसाङ्ग - कागबेनी – जोमसोम – बेनी (म्याग्दी) – कुस्मा (पर्वत)- पोखरा (कास्की) – दमौली (तनहु) - मुङलिङ्ग- नारायणघाट- हेटौडा- भैसे - नौबिसे- कलङ्की - चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयसम्म।

२. **गुडाएर लैजाने नयाँ सवारी साधनको लागि बुँदा नं १ को अतिरिक्त देहायको मार्ग समेत प्रयोग गर्न सक्ने।**
   कोरला नाका - नेचुङ (भन्सार) – छुसाङ्ग - कागबेनी – जोमसोम – बेनी (म्याग्दी) – कुस्मा (पर्वत)- पोखरा (कास्की) – दमौली (तनहु) - मुङलिङ्ग-नारायणघाट- हेटौडा- भैसे - फर्पिङ - चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयसम्म।

२०८३/५/१६

मितिः- २०८३/०५/१७

टेलिफोन नं.: ९७७-१-५९१७२१५, ५९१७२१७, ५९१७२२५, ५९१७२२६, ५९१७२२७ IVR: ०१-५९७०६५६
इमेल : *prasasan.customs@gmail.com, prasasan@customs.gov.np* वेबसाइट : *www.customs.gov.np*